# मानवअधिकार आवाज

## *Human Rights Voice*

*HURJA News letter Vol .1 Issue 1 Janl /Feb /Mar 2009*

# *नेपालको मानवअधिकार अवस्था अफ्रिकी राष्ट्र रुवाण्डाको जस्तै : उच्चायुक्त पिल्ले*

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त नवनिथम पिल्लेले नेपालको मानवअधिकारको अवस्थालाई अफ्रिकी संकटग्रस्त राष्ट्र रुवाण्डासँग तुलना गर्नुभएको छ। राष्ट्रसंघीय मानवअधिकार उच्चायोगको ५ औं उच्चायुक्तमा नवनियुक्त पिल्लेले हालै नेपालको भ्रमणका क्रममा भेटिएका द्वन्द्व पीडितहरुको आवाज सुनेपछि यस्तो धारणा सार्वजनिक गर्नुभएको हो। पिल्लेले नेपालको पछिल्लो मानवअधिकारको अवस्थाका बारेमा जानकारी लिन यहि चैत्र ५ देखी ९ गतेसम्म नेपालको भ्रमण गर्नुभएको थियो। नेपालको भ्रमण सम्पन्न गर्नु अघि काठमाण्डौंमा आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक भनाइले पनि नेपालले राजनैतिक रुपमा ठुलै परिवर्तन हासिल गरेता पनि मानवअधिकारको अवस्था भने दयनीय रहेको प्रस्ट पारेको छ।



**संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त नवनिथम पिल्ले**

आठ बर्षसम्म द्वन्द्वग्रस्त अफ्रिकी राष्ट्र रुवाण्डामा कार्य अनुभव हासिल गरिसक्नु भएकी पिल्लेले पत्रकार सम्मेलनमा भन्नुभयो - मेरो भ्रमणका क्रममा मैले द्वन्द्वका दुवै पक्षवाट द्वन्द्धका क्रममा र द्वन्द्वपछि पनि भएका गम्भीर मानवअधिकार उल्लंघनबाट आफ्ना प्रियजन पिडित बनेका विभिन्न परिवारलाई भेटें। तिनका कथा रुवाण्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी न्यायाधिकरणमा मैले ८ वर्ष

काम गर्दा सुनेका जस्तै थिए र दर्जनौ घटनाका दःुखद स्मरण थिए। परिवारहरु आफु विश्वस्त हुन चाहन्छन, आफ्नो जीवनलाई पुननिर्माण गर्न उनीहरुलाई परिपुरणको आवश्यकता छ र सबैभन्दा महत्वपुर्ण कुरा उनीहरुलाई न्याय चाहिएको छ।

नेपालमा द्वन्द्वको समयमा र त्यसपछि पनि भएका घटनामा मानव अधिकारको ब्यापक उल्लंघन भएको र अन्तर्राष्ट्रिय कानुनअनुसार परिवारले सत्य थाहा पाउने र न्याय पाउने कुराको सुनिश्चितता राज्यले गर्नुपर्ने हुन्छ। यसरी बिशेष गरी भइरहेका मानवअधिकार उल्लंघनका लागि जवाफदेहिता सुनिश्चित नगरिएसम्म नयाँ नेपाल निर्माणका लागि अगाडि बढिरहेको शान्ति प्रक्रिया नै संकटमा पर्न सक्ने पनि पिल्लेको चेतावनी थियो। द्वन्द्वको समयमा बेपत्ता पारिएका नागरिकहरुको अवस्थाका बारेमा सरकारले ल्याएको अध्यादेशको कार्य सकारात्मक भएपनि यो हालको अध्यादेशमा अन्तर्राष्ट्रिय मापदण्ड नपुगेको भन्दै प्रधानमन्त्री पुष्पकमल दाहालसँगको भेटमा समेत उच्चायुक्त पिल्लेले चासो व्यक्त गर्नुभएको थियो। प्रधानमन्त्रीले पनि यसलाई संविधानसभामा लगेर संसोधन गरिने आश्वाशन दिएपछि पिल्लेले बेपत्ता सम्वन्धि अध्यादेशले अन्तर्राष्ट्रिय मान्यताहरु समेट्ने आशा व्यक्त गर्नुभएको थियो।

नेपाल बसाईका क्रममा पिल्लेले नागरिक समाजका अगुवा तथा मानव अधिकारकर्मीहरुसँग पनि छलफल गर्नुभएको थियो। छलफलमा अधिकारकर्मीहरुले नेपालमा बढ्दै गइरहेको दण्डहीनताको संस्कृतिका वारेमा उच्चायुक्तको ध्यानाकर्षण गराएका थिए। नेपालको राजनैतिक परिवर्तन पछिका केही महिनाहरुमा मानवअधिकारका अवस्थामा केही सुधार आएको आफ्नो नेपालस्थित कार्यालय मार्फत जानकारी पाएता पनि पछिल्ला महिनाहरुमा बढ्दो मानवअधिकार उल्लंघनका घटना प्रति उहाँको गहिरो चिन्ता रहेको थियो। उहाँले विभिन्न अधिकारवादी संस्थाद्धारा सरकार समक्ष गरिएका बिभिन्न सिफारिसहरु कार्यन्वयन नभएकोमा पनि चिन्ता व्यक्त गर्नुभएको थियो।

मानवअधिकार उल्लंघनका घटनालाई मध्यनजर राख्दै सन् २००५ मा नेपालमा राष्ट्रसंघले मानव अधिकार मिसनको स्थापना गरेको छ। राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपाल कार्यायलको समयाअवधि थप्ने विषयमा यहाँको मानव अधिकार क्षेत्रबाट नै बिभिन्न मिश्रित प्रतिक्रिया आएता पनि नेपालको मानवअधिकारको अवस्थामा सुधार ल्याउन अझ केही समयका लागि समय अवधी थप गर्नुपर्ने अवस्था देखिन्छ जसले अन्तर्राष्ट्रिय क्षेत्रमा दबाव सिर्जना गर्नका लागि सहयोग पुग्नेछ।

# पत्रकार उमा सिंहको हत्या



पत्रकार उमा सिंहको गत पुस २७ गते बेलुका अज्ञात समूहले क्रुरतापूर्वक हत्या गर्‍यो। उनी जनकपुरको रेडियो टुडे एफएममा काम गरी घर गई खाना पकाइरहेको अवस्थामा १५/१६ जनाको समूहले धारिलो हतियार प्रयोग गरी निर्ममतापूर्वक हत्या गरेको पाईयो। धारिलो हतियार प्रयोगको कारण अत्याधिक रक्तश्राव भई तत्काल उपचार हुन नसकेको कारणले सिंहको

मृत्य भएको स्थलगत अध्यनका लागि खटिएको मानव अधिकार पत्रकार संघको टोलीलाई प्रत्यक्षदर्शीले जानकारी दिए ।

उक्त घटनामा मानव अधिकार पत्रकार संघको टोली र प्रहरीको अनुगमन पछि हत्यामा आफ्नै भाउजुको संलग्नता रहेको सार्वजनिक भयो । पत्रकार सिंहकी भाउजु ललिताले डेढ लाखरुपैयाँ दिएर उमालाई मार्न लगाएको स्वीकार गरिन् । अनुसन्धान प्रतिवेदनबारे जानकारी दिंदै पत्रकार सिंहको नाममा रहेको सम्पत्तिको लोभले भाउजु ललिताले उमाको हत्या गर्न लगाएको खुलासा भएको छ । पत्रकार सिंहले आफ्ना दाजु र बाबुलाई वेपत्ता पार्ने माओवादी कार्यकर्तालाई कारवाही गर्न माग गर्दै समाचार र लेख प्रकाशित गर्दै आएकी थिइन् । उमा सिंहकी भाउजू ललिता, भदाहा अभिषेक र माओवादी कार्यकर्ता श्रवण यादवलाई सार्वजनिक गरिएको थियो ।

# बोक्सीको आरोपमा कुटिईन कल्लीकुमारी



शिक्षित पीडक : विमला लामा



अशिक्षित पीडित : कल्लीकुमारी विक

ललितपुर प्युटार सातकी कल्लीकुमारी विश्वकर्मालाई गडिभर्याङ प्राथमिक विद्यालयकी प्रधानाध्यापीका विमला लामाले गत चैत ७ गते घरमै वोलाएर कुटपिट गरिन् । कुटपिटको उजुरी मानव अधिकार पत्रकार संघमा परेपछि संघवाट खटिएको अनुगमन टोलीले घटनाको स्थलगत अध्ययन गरेको थियो । गडिभर्याङ प्राथमिक विद्यालयकी प्रधानाध्यापीका लामाले कल्लीकुमारी बिकलाई चैत ११ गते घरमै वोलाएर वोक्सीको आरोप लगाउँदै कुटपिट गरेकी थिइन् । घरमै बोलाएर कुटपिट गरिन् र मुखमा दिसा कोच्याईदिएको पीडित परिवारले बताए । नयाँ ब्लेडले स्तनको मुन्टोसमेत काटिदिन थालेपछि कल्लीकुमारीले आफू बोक्सी भएको स्वीकार गरेर मर्नबाट वचेकी थिईन । उनले भनीन् साझतिर म बारीमा घाँस कादै थिएँ, श्रीमान् बारीको छेउछाउ गोरु चराउँदै थिए ।

हाम्रो अनुगमन टोलीसँग वोक्सी आरोपित कल्लीकुमारीले भनिन्- हेडमास्टर्नी र उनकी बहिनी पर्ने कान्छी मलाई बोलाउन आई भारी पुगेको छैन भन्दापनि नगई भएन । म उनको पछि लागेर उनकै घर गएँ । उनीहरु हेडमास्टर्नी को घर पुग्दा साँझको ६ बजिसकेको थियो । वोक्सीको आरोप लगाई

कुटाई खाएकी कल्लीकुमारीलाई  हेर्न भद्रभलादमी प्रतीक्षा गरेर बसिरहेका थिए। त्यही भेलामा सबैका सामु हेडमास्टर्नीले कल्लीकुमारीमाथि अभियोग लगाइन यो बोक्सी हो, यसले मेरी छोरीलाई भेदेकी छे, अब आज यसलाई सजाय दिनुपर्छ। विमलाले स्थानीय धामी सुवार लामाले किटान गरेको भन्दै कल्लीले नै आफ्नी छोरीलाई बिरामी गराएको दाबी गरेकी हेडमास्टर्नीले लगाएको अभियोगमाथि सभामा कुनै छलफल नभएको पाईयो।  अनि कल्लीकुमारी माथि कार्वाही शुरु भयो। हेडमास्टर्नी विमला र उनकी बहिनीले कुट्न थाले, कान्छीको श्रीमान्ले पनि कुट्न थाले। ४८ वर्षीया एक्ली कल्लीकुमारीलाई पिटिरहे। कुटपिट गरेपछि कल्लीकुमारीले  हारगुहार गर्दा समेत स्थानीयवासी कल्लीकुमारीका सहयोगी भएनन्।

बिमलाका आफन्तले निर्घात कुटपिट गरेपछि कल्लीकुमारीको नाक र मुखबाट रगतको बगेको थियो। कुटपिटपछि  स्तन काटिदिन्छौ भनेपछि कल्लीकुमारीले बच्नका लागि आफू वोक्सी भएको स्वीकार गरेको पाईयो।  अनि उनलाई गाउँका बस्तुहरु म वोक्सी भएकै कारणले मरेका हुन् भन्न जवर्रजस्ती  पारिएको पाइयो। श्रीमतिलाई कुटपछि  उनका श्रीमान पनि घटनास्थल आएका थिए। तर उनलाई पनि समातेर थुनिएको पाईयो। घटनापछि  उनले प्रहरीमा उजुरी दिएकी थिईन। तर प्रहरीले वोक्सीको आरोप लाउने प्रधानाध्यापीका लामालाई अझै सम्म पक्राउ गरेको छैन। राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा विभिन्न संघ संस्थाले दोषी उपर कार्वाहीका लागि दवाव दिएपनि सरकार दोषीलाई कार्वाही नगरी मुकदर्शक वनेको छ। जसले गर्दा मानव अधिकारको संरक्षण गर्ने सरकारको प्रतिवद्धता माथि शंका उत्पन्न भएको छ।

# थारु आन्दोलन

गत फागुन ३० गते रातको करिब ११ वजे कर्फ्यूको समयमा दाङको सिसहनीया गाविसको लठ्ठहवामा प्रहरी र प्रदर्शनकारीवीच झडपका हुँदा प्रहरीले चलाएको गोली लागि दुई जनाको मृत्यू भयो भने अन्य थुप्रै घाइते भए। जातिय पहिचान र आत्मसम्मानको लागि थारु समुदायले अनिश्चितकालिन बन्दको आह्वान गरेर आन्दोलन गरिरहेका थिए। फागुन १९ गते देखि गरिएको लगातारको बन्दले गर्दा थारु समुदायको वसोवास रहेका नेपालका करिब २३ जिल्ला र राजमार्ग क्षेत्र नराम्ररी प्रभावित भयो। राजमार्गमा सयौं सवारीसाधन र हजारौं यात्रु अलपत्र रहेको खबर प्राय सवै संचार माध्यमहरुमा आईरहेको थियो। चौतर्फी दबाव पछि स्थानीय प्रशासनले ठाँउ ठाँउमा कर्फ्यु लगाएर राजमार्गमा अलपत्र परेका यात्रुलाई गन्तब्यसम्म पुर्‍याउँदै थियो। त्यसै क्रममा लामो समयदेखि दाङको भालुवाङमा अलपत्र परेका सवारी साधन र यात्रु गन्तब्यसम्म पुर्‍याउन जिल्ला प्रशासन कार्यालय दाङले कर्फ्यु लगाएर स्कर्टिङ गर्दै सयौं सवारीसाधनलाई महेन्द्र राजमार्ग पार गराउदै थियो अचानक पूर्व पश्चिम महेन्द्रराजमार्ग अन्तर्गत पर्ने दाङको सिसहनीय गाविसको लठ्ठहवा पुग्दा प्रहरीले स्कर्टिङ गरि ल्याएका सवारीसाधनमा ढुंगा प्रहार हुन थाल्यो। बन्दको अवज्ञा गरेको भन्दै आन्दोलनकारी थारुहरुले राजमार्गमा गुडेका सवारीसाधनलाई अन्धाधुन्द ढुंगा मुढागरे। दर्जनौ सवारीसाधनमा तोडफोड भयो र थुप्रै यात्रु घाईते भए।

प्रहरीले भीडलाई तितरवितर पार्न लाठी चार्ज गर्‍यो, अश्रुग्यास पनि हान्यो तर भीड नियन्त्रण हुन सकेन, लगातार ढुंगामुढा भइराखेपछि बाध्य भएर प्रहरीले गोली चलाएको प्रहरी अधिकारीहरुको भनाई छ। प्रहरीले चलाएको गोली लागि स्थानीय थरुहट कार्यकर्ताहरु सिसहनीया गाविस वडा

नम्बर ७ लट्ठहवाका प्रकाश चौधरी र रामप्रसाद चौधरीको मृत्यु भएको ईलाका प्रहरी कार्यालय लमहीले जनाएको छ। गोली लागि तीन थरुहट कार्यकर्ता घाइते भएका छन्। आन्दोलनकारीको ढुंगा प्रहारबाट ९ जना प्रहरी समेत घाइते भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ। गोली लागेर थरुहट कार्यकर्ता सिसहनिया-७ लट्ठहवाका प्रमिन्द्र चौधरी, जनजिरो चौधरी र प्रदिप चौधरी घाइते भएका हुन्। घटना लगत्तै स्थानीय प्रशासनले अनिश्चितकालिन कर्फ्यू लगाएको थियो। तर घटनाको अर्को दिन अर्थात चैत्र १ गते घटनास्थल लठ्ठहवामा भने प्रदर्शनकारीहरु हातमा लाठी लिएर कर्फ्युको उल्लंघन गर्दै राजमार्गमा प्रदर्शन गरिरहेका थिए।

सरकारसँग आफ्ना मागका विषयमा वार्तामा वसेका थारु नेताहरुले दाङमा भएको घटना लगतै वार्तामा नवस्ने अडान लिए। चितवनको सौराहामा पनि प्रहरी प्रर्दशनकारीवीच झडप भएको थियो। त्यसक्रममा प्रहरीले चलाएको गोली लागि कमल चौधरी र विपिन खड्को मृत्यु भयो। त्यसपछि आन्दोलनकारीले एक जना प्रहरीको हत्या गरे। दाङ र चितवनमा भएका हिंसात्मक घटनापछि सरकारले बाध्य भएर थारुको पक्षमा निर्णय लियो र थारु आन्दोलनकारीसँग ६ बुँदे सहमती गर्‍यो।

# हुर्जाको चौथो वार्षिकोत्सव




( हुर्जाको चौथो वार्षिक उत्सव समारोहमा सहभागीहरु : समाजसेवी लक्ष्मी शर्मा, अधिकारकर्मी मन्दिरा शर्मा, सुदिप पाठक, हुर्जाका महासचिव गणेशप्रसाद घिमिरे र ओएचसिएचआर नेपाल प्रमुख रिचर्ड बेनेट )

नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रमुख रिचर्ड वेनेटले प्रेस स्वतन्त्रता र मानवअधिकारका पक्षमा गरेका प्रतिवद्धता र विस्तृत शान्ति संझौता कार्यन्वयन गर्न सरकारसँग आग्रह गर्नुभयो। मानव अधिकार पत्रकार संघ (हुर्जा) को चौथो वार्षिकोत्सवको अवसरमा गत पुस १२ गते काठमाण्डौंमा आयोजित कार्यक्रममा उहाँले तराई लगायत नेपालका पहाडी जिल्लामा शान्ति सुरक्षा कमजोर भएको भन्दै चिन्ता ब्यक्त गर्नुभयो। वेनेटले नागरिकको स्वतन्त्र रुपले हिडडुल गर्न पाउने अधिकार हनन् हुँदै गएको र प्रेस स्वतन्त्रता माथि कुण्ठीत गर्ने तत्वहरु दिनप्रतिदिन वृद्धि भइरहेको प्रति चिन्ता ब्यक्त गर्नुभयो।

वेनेटले महिला उपेक्षित, उत्पीडित, दलित, मधेशी, जनजाति तथा अन्य पिछडिएका वर्गको वारेमा नेपाली संचारमाध्यमहरुले उनीहरुका काम, गतिविधीको विशेष ध्यान दिनुपर्ने भन्दै हिमाल खवरपत्रिका लगायत संचारमाध्यमहरुमा भइरहेको आक्रमण र पत्रकारहरुको ज्यान लिने सम्मका धम्कीलाई आफुले गम्भीर रुपमा लिएको वताउनुभयो। प्रेस र मानव अधिकारको रक्षाका निम्ती खवरदारी गर्ने मानव अधिकार पत्रकार संघको कार्यलाई आफुले र आफ्नो कार्यालयले सधैं सहयोग गर्ने वताउनुभयो। उहाँले संघको कार्यबाट नेपालमा मात्र नभई नेपालमा भइरहेका मानव अधिकार उल्लंघनका घटनाहरु अन्तर्राष्ट्रिय रुपमा अवगत गराउन संघ महत्वपूर्ण माध्यम वन्ने बताउनुभयो। मानव अधिकार विरोधी क्रियाकलाप गर्ने जोकोहीका निम्ती पनि संघले दरो भई त्यसको प्रतिबाद गर्नुपर्नेमा वेनेटले जोड दिनुभयो।

नेपाल मानव अधिकार संगठनका अध्यक्ष सुदीप पाठकले देशमा कानूनी शासनको अन्त्य हुँदै गएको र मानवअधिकार, प्रेस स्वतन्त्रता, शान्ति प्रक्रियाको पक्षमा विशेष वकालत गर्ने राजनैतिक पार्टीहरुले नै गरेका प्रतिवद्धता पूरा नगरेको स्पष्ट पार्नुभयो।

कार्यक्रममा एड्भोकेसी फोरमकी कार्यकारी निर्देशक मन्दिरा शर्मा र समाजसेवी लक्ष्मी शर्माले मानवअधिकार र प्रेस स्वतन्त्रताका पक्षमा एक भई अघि वढ्न सवैलाई आग्रह गर्नुभयो।

मानव अधिकार पत्रकार संघका महासचिव गणेशप्रसाद घिमिरेले प्रेस स्वतन्त्रता र मानव अधिकारको रक्षाका लागि सरकारले गरेका प्रतिवद्धता कार्यान्वयन नभएको टिप्पणी गर्नुभयो। उहाँले पत्रकारहरुको सुरक्षा खतरामा परेको प्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। सोही अवसरमा पत्रकार माथि आक्रमण, धम्की, अपहरण, हिंसा जस्ता घटनाहरु दिन प्रतिदिन वढ्दै गएको प्रतिवेदन संघले सार्वजनिक गरेको थियो। मानव अधिकार पत्रकार संघको अध्ययन अनुसार २०६४ सालमा ४ सय १० र यस वर्ष (२०६५) को कार्तिकसम्ममा १ सय ४७ वटा ज्यादतीका घटना नेपालका संचारकर्मीले भोग्न बाध्य भएका थिए।

## द्वन्द्व तथा शान्ति सम्झौतापछि मारिएका पत्रकारहरुको सूची

| नाम | सम्बद्ध संस्था | मिति | मृत्युको कारक |
|---|---|---|---|
| देवकुमार आचार्य | जनादेश साप्ताहिक | २०५८/४/८ | सरकार |
| कञ्चन प्रियदर्शी | नेपाल पत्रकार म.सं. सि.पा.शाखा पूर्व सचिव | २०५९/१/१६ | सरकार |
| कृष्ण सेन | जनादेश साप्ताहिक | २०५९/२/१३ | सरकार |
| कमल एसी | जनदिशा दैनिक | २०५९/६/१५ | सरकार |
| राजकुमार केसी | रासस | २०५९/७/७ | सरकार |

| | | | |
|---|---|---|---|
| नवराज शर्मा 'बसन्त' | कदम साप्ताहिक | २०५९/१/१९ | माओवादी |
| अम्बिका तिमल्सिना | जनादेश/महिमा साप्ताहिक | २०५९/८/२५ | माओवादी |
| कुमार घिमिरे | जनप्रभात साप्ताहि | २०५९/६/१६ | सरकार |
| ज्ञानेन्द्र खडका | रासस | २०६०/४/२१ | माओवादी |
| विनोद सजना चौधरी | जनादेश साप्ताहिक | २०५९/६/१४ | सरकार |
| नगेन्द्र पोखरेल | जनादेश साप्ताहिक | २०६०/९/७ | सरकार |
| गोपाल गिरी | साप्ताहिक मञ्च | २०६०/१०/१ | माओवादी |
| पदमराज देवकोटा | कर्णाली सन्देश र मुरीचैला मासिक | २०६०/१०/२४ | सरकार |
| डिकेन्द्रराज थापा | रेडियो नेपाल | २०६१/४/२८ | माओवादी |
| बद्री खड्का | जनादेश साप्ताहिक | २०६१/५/१३ | सरकार |
| धनबहादुर रोक्कामगर | रेडियो नेपाल | २०५९/१०/१६ | माओवादी |
| खगेन्द्र श्रेष्ठ | धरान टुडे | २०६१/१२/१९ | माओवादी |
| महेश्वर पहाडी | राष्ट्रिय स्वाभिमान साप्ताहिक | २०६२/६/१८ | सरकार |
| वीरेन्द्र शाह | Venues TV, दृष्टि साप्ताहिक र नेपाल एफ.एम. | २०६४/६/१८ | माओवादी |
| पुष्करबहादुर श्रेष्ठ | न्यू हाइवे र न्यू सिजन साप्ताहिक | २०६४/९/१८ | जनतान्त्रिक |
| आन्नदकुमार थापा | जनादेश साप्ताहिक | ०६१ भाद्र | सरकार |
| भीमबहादुर घर्ति | माओवादी रेडियो संवाददाता | ०६० | सरकार |
| सुवास मैनाली | माओवादी रेडियोको संवाददाता | ०६१ | सरकार |
| मोहन खनाल | जनविद्रोह साप्ताहिक | ०६२ | सरकार |
| ईश्वर ढुङ्गाना | जनविद्रोह साप्ताहिक | २०६२ | सरकार |
| चिनबहादुर बुढा | जनादेश साप्ताहिक | २०६२/११/१६ | सरकार |
| जगतप्रसाद जोशी (जे.पी पण्डित) | जनदिशा दैनिक | २०६५/८/१३ | छानबिन रिपोर्ट आउँन बाँकी |
| उमा सिंह | जनकपुर टुडे, रेडियो टुडे एफ.एम. | २०६५/९/२७ | अज्ञात |

## बेपत्ता पारिएका पत्रकारहरुको सूची

| नाम | सम्बद्ध संस्था | मिति | बेपत्ता पार्ने पक्ष |
|---|---|---|---|
| मिलन नेपाली | जनादेश साप्ताहिक | २०६५/२/२६ | सरकार |
| प्रकाशसिंह ठकुरी | राजधानी दैनिक | २०६४/३/२१ | माओवादी |

स्रोत : नेपाल पत्रकार महासङ्घ

## समाचार संक्षेप :

## अनलाइन शुभारम्भ

विश्वब्यापी रुपमा अनलाइन पत्रिकाको माग बढी रहेका वेला मानव अधिकार पत्रकार संघले मानव अधिकार उल्लंघनका घटनालाई समेट्ने उद्देश्यले पुस १२ गतेदेखि **www.newsinnepal.com** संचालनमा ल्याएको छ। संघको चौथो वर्षिकोत्सवको अवसरमा नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रमुख रिचर्ड वेनेटले संघले संचालनमा ल्याएको न्यूज पोर्टलको शुभारम्भ समेत गर्नुभयो। यो न्युज पोर्टलमा मानव अधिकारका समाचारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतको ध्यानाकर्षण गर्न महत्वपूर्ण भूमिका खेल्ने छ। न्युज पोर्टल संचालनमा ल्याउन प्राविधिक सहयोग लङटेल ई मिडियाले गरेको छ।

## अनमिनमा लनग्रेन

नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन अनिमनको ६ महिनाको पदावधी सकिए लगतै अनमिनका विशेष प्रतिनिधि ईयान मार्टिनलाई फिर्ता वोलाए पछि गत माघ १५ गतेबाट करीन लनग्रेनले अनमिन प्रमुखका रुपमा नेपालमा काम गर्दै आउनु भएको छ। राष्ट्रसंघका महासचिव बान कि-मुनले माघ १५ गतेदेखि लनग्रेनलाई नेपालका लागि आफ्नो प्रतिनिधिका रुपमा नियुक्त गर्न उहाँले यसअघि नै प्रस्ताव सुरक्षा परिषदलाई सूचित गर्नु भएको थियो ।

## मैना हत्याको चार वर्ष

नेपाली सेनाबाट द्वन्दका वेलामा हत्या भएकी मैना सुनुवारको चार बर्ष पुगेको स्मरण गर्न एड्भोकसी फोरम र संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपाल कार्यालयको संयुक्त आयोजनामा गत फागुन ५ गते काठमाडौंमा एक समारोहबीच **मैना सुनुवार : घटना तथ्य र न्याय** नामक पुस्तक सार्वजनिक गरियो। कार्यक्रममा ओएचसिएचआरका नेपाल प्रमुख, कुटनीतिक नियोगका प्रतिनिधि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघ/सस्थाका प्रतिनिधि, संचारकर्मी र पीडित परिवारका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

## वर्ष पुस्तक २००९

राज्य पक्ष र गैर राज्यपक्षबाट ५ सय ४१ जनाको ज्यान गएको र अन्य थुप्रै मानवअधिकार उल्लंङ्घनका घटना समेटिएको मानवअधिकार वर्ष पुस्तक २००९ गत फागुन ७ गते काठमाडौंमा सार्वजनिक भयो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले तयार पारेको वर्ष पुस्तक २००९ लाई राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सार्वजनिक गर्नुभयो। विस्तृत शान्ति सम्झौता पछि पनि मानवअधिकार उल्लंङ्घनका घटनामा कमी नआएको पुस्तकमा उल्लेख छ।

मानव अधिकार पत्रकार संघ (हुर्जा) नेपालद्वारा प्रकाशित, पो.ब.नं. ८२३३, अनामनगर,
काठमाडौं, नेपाल, फोन नं. ०१-४२४९८०० ,
इमेल : **info@hurjanepal.org**